# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

**<u>प्रेस वक्तव्य</u>**

**अभियोग संशोधनको आवरणभित्र गरिएको मुद्दा फिर्ताको निर्णय फिर्ता लिइयोस्। स्वतन्त्र न्यायपालिकाका मूल्य–मान्यतामा आँच पुग्ने कार्यको पुनरावृत्ति नहोस्।**

काठमाण्डौ, माघ ५ २०८२ ।

न्यायालयमा विचाराधीन संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणजस्ता संवेदनशील कसुरका अभियोगबाट उन्मुक्ति दिने निहित उद्देश्यसहित गरिएको अभियोग संशोधनको निर्णयविरुद्ध नेपाल बार एसोसिएसनलगायतका सरोकारवालाहरूले देखाएको गम्भीर चासो र सरोकारप्रति जवाफदेहिता निगरानी समिति पूर्ण ऐक्यबद्धता प्रकट गर्दछ।

अपवादका रूपमा सार्वजनिक हित प्रवर्द्धनका प्रयोजनका लागि विधि–प्रक्रिया अवलम्बन गरी केही मुद्दा फिर्ता लिन सकिने कानुनी व्यवस्था रहेतापनि अभियोग संशोधनको कानुनी प्रबन्धको अपव्याख्या गरेर संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणजस्ता कसुरका अभियोगबाट राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रबि लामिछाने लगायतलाई चोख्याउने गरी निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई छैन। त्यसो गर्नु संवैधानिक अधिकारको दुरुपयोग हो र यसले दण्डहीनता तथा कुशासनलाई नै प्रश्रय दिन्छ।

सुशासनको कार्यादेश पाएको नागरिक सरकारका महान्यायाधिवक्ताले त यस किसिमको अख्तियार दुरुपयोगको परिकल्पनाबाट समेत टाढै रहनु पर्ने हो। अदालतमा विचाराधीन अवस्थामा रहेका अभियोगको स्वतन्त्र न्यायिक परीक्षण प्रक्रियालाई सहजीकरण गर्नुपर्नेमा उल्टो न्यायिक प्रक्रियामा तगारो हाल्ने गरी गरिएको निर्णयको औचित्य पुष्टि हुन सक्दैन।दण्डहीनता र कुशासनको अन्त्य गर्ने राष्ट्रिय लक्ष्यलाई मन, वचन र कर्मले प्रवर्द्धन गर्नुपर्ने समयमा सुशासनका मान्यताविरुद्ध र दण्डहीनताको पक्षमा अख्तियारको दुरुपयोग हुनु विडम्बनापूर्ण छ।

अतः अभियोग संशोधनको आवरणभित्र गरिएको मुद्दा फिर्ताको निर्णय फिर्ता लिन र स्वतन्त्र न्यायपालिकाका मूल्य–मान्यतामा आँच पुग्ने कार्यको पुनरावृत्ति नहुने सुनिश्चित गर्न समिति जोडदार माग गर्दछ। यदि कसैउपर प्रतिशोधपूर्ण अभियोजन भएको छ भने त्यसको निरुपण गरी यथोचित न्यायिक सम्बोधन सम्बन्धित अदालतबाट हुनेमा जवाफदेहिता निगरानी समिति विश्वास व्यक्त गर्दछ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट मानवअधिकारकर्मिहरु:**



*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, महामुनिश्वर आचार्य, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा ।*